नेपाल सरकार

उद्योग मन्त्रालय

**घरेलु तथा साना उद्योग विभाग/घरेलु तथा साना उद्योग विकास समिति**

**त्रिपुरेश्वर, काठमाण्डौं**

# गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि आशय पत्र (Expression of Interest) आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशन मिति २०७४।०३।१८ (राजधानी दैनिक)

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम आ.व.२०७४/७५ मा ३५ जिल्लाहरुमा संचालन गरी लघु उद्यमी सिर्जना तथा स्तरोन्नतीका लागि प्रतिस्पर्धावाट योग्यताक्रमका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको प्रारम्भिक सूचि तयार गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्था, गै.स.स., फर्म वा कम्पनीहरुवाट उक्त कार्यक्रम संचालन गर्नका लागि रीतपूर्वकको आशयपत्र (Expression of Interest) आव्हान गरिएको छ ।

**शर्तहरु**

१. आशय पत्रदाताले निम्नानुसारको प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैर सरकारी संस्था, निजी वा साझेदारी फर्म वा कम्पनी) को विधान वा नियमावली/प्रवन्ध पत्रमा लघु उद्यम वा व्यवसाय विकास वा सीप विकास/तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अवधि न्यूनतम २ वर्ष पुरा भएको ।

ग. २०७२/७३ को लागि नवीकरण भएको ।

घ. मूल्य अभिवृद्धिकरमा दर्ता भएको ।

ङ. आ.व.२०७२/७३ को कर चुक्ता प्रमाण पत्र । (कर छुट सुविधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो वार्षिक कारोवारको विवरण पेश गरेको प्रमाण)

च. कार्यादेश (TOR) मा उल्लेख भए बमोजिम जनशक्ति भएको

छ. काम गर्न चाहेको जिल्ला उल्लेख भएको (अधिकतम दुई जिल्ला सम्म)

ज. कालो सूचीमा नपरेको स्वघोषणा पत्र

झ. आ.व. २०७१/७२ र २०७२/७३ को लेखा परीक्षण भएको

ञ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको कंपनीको हकमा सम्वन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको

२. आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र TOR प्राप्त गर्न सकिनेछ र १६ औं दिन दिनको १२:०० बजेसम्म यस विभाग/समितिमा आशयपत्र दर्ता गराईसक्नु पर्ने छ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको १४:०० बजे देखि आवेदकहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस विभाग/समितिमा खोलिनेछ । तर आवेदक वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

३. आशयपत्र दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यस पछि लगत्तै कार्यालय खुलेको दिन माथि सि.नं. २ मा तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिने छ ।

४. आशयपत्र दर्ता गर्न सिलवन्दी खामको वाहिर कुन जिल्लाको कार्यक्रम संचालन गर्नको लागि पेश गरिएको हो सो प्रष्ट खुलेको हुनुपर्ने छ । रीत नपुगेको, म्याद नाघी आएको र कुन जिल्लाको लागि आशय पत्र पेश गरिएको हो सो प्रष्ट नखुलेको, सहीछाप र सिलवन्दी नभएको आशयपत्र उपर कुनै कारवाही हुने छैन । साथै एकभन्दा वढी जिल्लामा कार्यक्रम संचालन गर्न चाहने सेवा प्रदायकहरुले प्रत्येक जिल्लाको लागि छुट्टाछुट्टै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र दर्ता गर्नु पर्ने छ । एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा वढी जिल्लाका लागि आशय पत्र पेश गरेका पाइएमा विभाग/समितिमा दर्ता भएको पहिलो आशय–पत्रलाई कायम गरी अन्य आशय पत्रहरु स्वतः रद्द हुनेछन् । एकै संस्थाले विभाग तर्फ २७ जिल्ला (१ झापा, २ मोरङ्ग, ३ सुनसरी, ४ सप्तरी, ५ सिरहा, ६ धनुषा, ७ महोत्तरी, ८ सर्लाही, ९ रौतहट, १० वारा, ११ पर्सा, १२ मकवानपुर, १३ चितवन, १४ काभ्रे, १५ भक्तपुर, १६ ललितपुर, १७ कास्की, १८ पाल्पा, १९ नवलपरासी, २० रुपन्देही, २१ कपिलवस्तु, २२ दाङ्ग, २३ वाँके, २४ वर्दिया, २५ कैलाली, २६ कञ्चनपुर र २७ काठमाण्डौ) मध्ये वढीमा २ जिल्ला ।

समिति तर्फ ४८ जिल्ला (१ इलाम, २ ताप्लेजुङ्ग, ३ धनकुटा, ४ भोजपुर, ५ तेह्रथुम, ६ संखुवासभा, ७ उदयपुर, ८ खोटाङ, ९ सोलुखुम्वु, १० ओखलढुङ्गा, ११ दोलखा, १२ रामेछाप, १३ सिन्धुपाल्चोक, १४ सिन्धुली, १५ नुवाकोट, १६ रसुवा, १७ धादिङ, १८ तनहुँ, १९ गोरखा, २० लमजुङ, २१ स्याङ्जा, २२ वाग्लुङ, २३ पर्वत, २४ म्याग्दी, २५ गुल्मी, २६ प्युठान, २७ रुकुम, २८ रोल्पा, २९ सल्यान, ३० सुर्खेत, ३१ दैलेख, ३२ कालिकोट, ३३ जाजरकोट, ३४ जुम्ला, ३५ मुगु, ३६ डोटी, ३७ वझाङ, ३८ वाजुरा, ३९ अछाम, ४० वैतडी, ४१ डडेलधुरा र ४२

दार्चुला, ४३ पाँचथर, ४४ अर्घाखाँची, ४५. मनाङ, ४६. मुस्ताङ, ४७ हुम्ला र ४८. डोल्पा) मध्ये बढीमा २ जिल्ला गरी ४ जिल्ला भन्दा बढी आशय पत्र पेश गर्न पाइने छैन ।

५. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु मध्येबाट सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४ र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाका लागि योग्यताक्रमका आधारमा उत्कृष्ट ३ देखि ६ वटा संस्थाहरु छनौट गरी छनौट भएका संस्थाहरुको सूची वर्णानुक्रम अनुसार राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सम्बन्धित जिल्लामा पठाइने छ ।

दुई वा दुई भन्दा बढी गै.स.स.फर्म वा कम्पनीले संयुक्त उपक्रम (Joint Venture) को रुपमा परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भइ काम गर्ने फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून बमोजिमको रीत पुर्‍याइ आशय पत्र पेश गर्नु पर्ने छ अन्यथा त्यस्ता आशय पत्र उपर कारवाही हुनेछैन ।

६. जिल्लामा पठाईएको सूचि भित्रबाट सोही जिल्लामा कार्यक्रम संचालनका लागि जिल्ला समन्वय समितिको समन्वयमा स्थानिय तहमा रहेका घरेलु तथा साना उद्योग कार्यालय/समितिले आर्थिक र प्राविधिक प्रस्ताव माग गरी प्रचलित कानुन अनुसार योग्यताक्रमका आधारमा उत्कृष्ट एउटा व्यवसाय विकास सेवा प्रदायक संस्थाको छनौट गर्ने छन् ।

७. विस्तृत विवरणसहितको कार्यक्षेत्रगत शर्त (TOR), आशयपत्र मूल्यांकनका आधार विभाग/समितिको website: www.dcsi.gov.np र www.csidb.gov.np बाट हेर्न सकिने छ ।

८. Internet बाट e-submission मा भाग लिन चाहने आशयपत्रदाताले सार्वजनिक खरीद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np बाट आशयपत्र पेश गर्न सक्ने छन् । यसरी भाग लिने आशयपत्रदाताहरुले आशयपत्रसाथ पेश गर्नुपर्ने कागजातहरु पोर्टल **www.bolpatra.gov.np** मा लग इन (Log in)गरी प्राप्त निर्देशन अनुसार स्क्यान गरी पि.डि.एफ.(PDF)फर्म्यांटमा तयार गरी अपलोड गर्नु पर्ने छ ।

- E-submission गर्ने आशयपत्रदाताहरुले यो सूचना प्रकाशित भएको मितिले माथि सि.नं. २ मा उल्लेख भएको समयभित्र अपलोड गरी सक्नु पर्ने छ । अपलोड भएका आशयपत्रहरु सि.नं. २ मा उल्लेख भए बमोजिम खोलिने छ र स्क्यान गरी पि.डि.एफ.(PDF) फर्म्यांटमा पेश गरिएका कागजातहरुको सक्कल प्रति वा प्रमाणित प्रतिलिपिहरु आशयपत्र खोलेको मितिले ५ दिनभित्र विभाग/समितिमा पेश गरी सक्नु पर्ने छ।
- आशयपत्र खोल्ने समयमा आशयपत्रदाताको आशयपत्रहरु पि.डि.एफ. (PDF) फर्म्यांटमा अपलोड भएको नदेखिएमा, अपलोड भएको पि.डि.एफ. (PDF) फाइल प्रस्टसँग नबुझिएमा, डाउनलोड हुन नसकेमा वा नभएमा वा डाउनलोड भएको पि.डि.एफ. (PDF) फाइल नखुलेमा विभाग/समिति जवाफदेही हुने छैन ।
- एउटै आशय पत्र दाताले सिलबन्दी आशयपत्र र e-submission मध्ये कुनै एक माध्यमबाट मात्र आशयपत्र पेश गर्न सक्नेछन् । यदि दुवै प्रणाली प्रयोग गरी आशयपत्र पेश गरेमा दुवै आशयपत्रहरु स्वतः रद्द हुनेछन् ।

९. आशय पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विभाग/समितिमा रहने छ ।

१० जनशक्तिको रुपमा ६ जना उद्यम विकास सहजकर्ताहरु प्रस्ताव गर्नु पर्ने छ नगरेका आशय पत्रहरु मान्य हुने छैनन् ।

११ प्रचलित नेपाल कानूनको अधिनमा रही कार्य क्षेत्रगत शर्त (TOR) मा उल्लेख भएका कुराहरु सोही बमोजिम र अन्य कुराहरु सार्वजनिक खरीद ऐन, २०६३, सार्वजनिक खरीद नियमावली, २०६४, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, र प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

१२.यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस विभागको फोन नं. ०१-४२५९८४६ र ०१-४२५९४०३ ०१- ४२६८४४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

१३ आशय पत्र सम्बन्धी विस्तृत छलफलको लागि यो सूचना प्रकाशित मितिले सातौ दिन (सो दिन सार्वजनिक बिदा परे भोलिपल्ट) अग्रिम बोल पत्र बैठक (Pre bid meeting) दिनको १३:३० बजे विभागको कार्यकक्षमा बस्ने छ । उक्त बैठकमा सहभागी हुन इच्छुक आशय पत्र दाताहरुलाई यसै सूचनाबाट जानकारी गराइएको छ ।

निर्देशक